# मध्य पश्चिमाञ्चल विश्वविद्यालय
# सेवा आयोगको कार्यालय
# सुर्खेत

मध्यपश्चिमाञ्चल विश्वविद्यालयको लागि निम्नलिखित शैक्षिक पदहरु विभिन्न प्रतियोगिताद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले योग्य नेपाली नागरिकहरुबाट मिति २०७३/०३/०१ गते दिनको ३ बजेभित्र (त्यसपछि दोब्बर दस्तुर तिरेर २०७३/०३/०८ गते दिनको ३ बजेसम्म) मध्यपश्चिमाञ्चल विश्वविद्यालय सेवा आयोगको कार्यालय वीरेन्द्रनगर, सुर्खेतमा आई पुग्ने गरी २/२ प्रति दरखास्त आव्हान गरिन्छ । दरखास्त फारम मध्यपश्चिमाञ्चल विश्वविद्यालय सेवा आयोगको कार्यालय, वीरेन्द्रनगर सुर्खेत बाट रु.३००।- तिरी प्राप्त गर्न सकिने छ । म्याद नाघी प्राप्त हुन आएका र रित नपुगेका दरखास्त उपर कुनै कार्यवाही हुने छैन । आवेदन फारम साथ राष्ट्रिय बाणिज्य बैङ्क सुर्खेत स्थित मध्यपश्चिमाञ्चल विश्वविद्यालयको चल्ती हिसाव नं. ४०८००००००२०६ मा दाखिला गरेको दरखास्त दस्तुरको सक्कल भौचर र निम्नलिखित कागजातहरुको २/२ प्रति प्रमाणित प्रतिलिपिहरु पेश गर्नु पर्नेछ ।

१. प्रवेशिकादेखि माथिका सबै शैक्षिक योग्यताको लब्धाङ्क पत्र र प्रमाणपत्रका प्रमाणित प्रतिलिपिहरु ।
२.अनुभवको पत्र : मध्यपश्चिमाञ्चल विश्वविद्यालयको आंगिक क्याम्पसमा स्थायी, अस्थायी वा करार सेवामा रही सम्बन्धित विषयमा प्राध्यापन गरेको भए सो को स्पष्ट मिति तथा कार्यालय खुलेको प्रमाणित पत्र आवेदन साथ पेश गर्नुपर्ने छ ।
३.हाल सालै खिचिएको पासपोर्ट साइजको फोटो ४ प्रति ।
४.नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
५.प्रकाशित अनुसन्धानात्मक कृतिहरु विज्ञापन प्रकाशित हुनुभन्दा अगाडि प्रकाशित भइसकेको सम्बन्धित विषयको पाठ्यक्रम, सम्बन्धित विषयको सन्दर्भग्रन्थ, विषयगत अनुसन्धानात्मक प्रतिवेदन, विषयगत अनुसन्धानात्मक लेखहरु, विषयगत साधारण लेखहरु र स्नातकोत्तर तथा विद्यावारिधि तहको शोध निर्देशन गरिएको प्रमाणित पत्र आदि उम्मेदवारले आवेदन फाराममा स्पष्टसँग लेख्नु पर्नेछ ।
६. विद्यावारिधि गरेका उम्मेदवारले सो को प्रमाणित फोटोकपी समेत बुझाउनु पर्ने छ ।
७. समावेशी तर्फ : आदिवासी/जनजाती, मधेशी र दलित समूहमा आवेदन दिनेहरुले नेपाल सरकारबाट तोकिएको आधिकारिक निकायबाट प्राप्त प्रमाण पेश गर्नु पर्नेछ ।
८. हालसालै तयार गरिएको व्यक्तिगत विवरण (Curriculum Vitae ) ६/६ प्रति पेश गर्नु पर्नेछ ।

सम्पर्क मिति र स्थान : २०७३/०३/२२ सेवा आयोगको कार्यालय, वीरेन्द्रनगर, सुर्खेत ।
सम्पर्क नं : ०८३-५२४६८१

# विज्ञापन नः ४/२०७२/०७३ (खुल्ला प्रतियोगिता)

| क.सं | पद (सेवा/समूह) | विषय | खुल्ला | समावेशी महिला |
|---|---|---|---|---|
| १ | प्राध्यापक | व्यवस्थापन/वाणिज्यशास्त्र | १ | - |
| २ | प्राध्यापक | नेपाली (मानविकी) | १ | - |
| ३ | सह–प्राध्यापक | व्यवस्थापन/वाणिज्यशास्त्र | १ | - |
| ४ | सह–प्राध्यापक | नेपाली (मानविकी) | १ | - |
| ५ | सह–प्राध्यापक | जिओटेक्निकल इन्जिनियरिङ्ग | १ | - |
| ६ | उप–प्राध्यापक | अङ्ग्रेजी (व्यवस्थापन) | १ | - |
| ७ | उप–प्राध्यापक | तथ्याङ्कशास्त्र (व्यवस्थापन) | १ | - |
| ८ | उप–प्राध्यापक | कम्प्यूटर साइन्स (व्यवस्थापन) | १ | - |
| ९ | उप–प्राध्यापक | व्यवस्थापन/वाणिज्यशास्त्र | २ | १ |
| १० | उप–प्राध्यापक | अर्थशास्त्र (व्यवस्थापन) | १ | - |
| ११ | उप–प्राध्यापक | वाणिज्य कानुन | १ | - |
| १२ | उप–प्राध्यापक | द्वन्द्व तथा शान्ति अध्ययन | १ | १ |
| १३ | उप–प्राध्यापक | पत्रकारिता र आम संचार | १ | - |
| १४ | उप–प्राध्यापक | सामाजिक कार्य | १ | - |
| १५ | उप–प्राध्यापक | अङ्ग्रेजी शिक्षा | २ | १ |
| १६ | उप–प्राध्यापक | जनसङख्या शिक्षा | १ | - |
| १७ | उप–प्राध्यापक | स्वास्थ्य र प्रर्वद्धन शिक्षा | १ | - |
| १८ | उप–प्राध्यापक | नेपाली शिक्षा | १ | - |
| १९ | उप–प्राध्यापक | रसायनशास्त्र | १ | १ |
| २० | उप–प्राध्यापक | भौतिकशास्त्र | १ | १ |
| २१ | उप–प्राध्यापक | वनस्पतिशास्त्र | १ | १ |
| २२ | उप–प्राध्यापक | जीवशास्त्र | १ | १ |
| २३ | उप–प्राध्यापक | कम्प्यूटर साईन्स ( विज्ञान) | १ | - |
| २४ | उप–प्राध्यापक | तथ्याङ्कशास्त्र (विज्ञान) | १ | - |
| २५ | उप–प्राध्यापक | मेकानिक्स एण्ड मेटेरियल साइन्स इन्जिनियरिङ्ग | १ | - |
| २६ | उप–प्राध्यापक | सस्टेनेबल वाटर सेनिटेसन हेल्थ एण्ड डेभलपमेण्ट इन्जिनियरिङ्ग | १ | - |
| २७ | उप–प्राध्यापक | कम्प्यूटर इन्जिनियरिङ्ग | १ | - |
| २८ | उप–प्राध्यापक | स्ट्रक्चरल इन्जिनियरिङ्ग | १ | - |
| २९ | उप–प्राध्यापक | कन्स्ट्रक्सन मेनेजमेण्ट इन्जिनियरिङ्ग | १ | - |
| ३० | उप–प्राध्यापक | हाइड्रोपावर इन्जिनियरिङ्ग | १ | - |
| ३१ | उप–प्राध्यापक | इन्फरमेशन सिष्टम मेनेजमेण्ट इन्जिनियरिङ्ग | १ | - |
| ३२ | उप–प्राध्यापक | इन्जिनियरिङ्ग केमेष्ट्री | १ | - |

# विज्ञापन नः ५/२०७२/०७३ (आन्तरिक प्रतियोगिता)

| सि.नं. | पद | विषय | सङ्ख्या |
|---|---|---|---|
| १ | प्राध्यापक | राजनीतिशास्त्र | १ |
| २ | प्राध्यापक | नेपाली (मानविकी) | १ |
| ३ | प्राध्यापक | व्यवस्थापन/वाणिज्यशास्त्र | १ |
| ४ | प्राध्यापक | गणित (विज्ञान) | १ |
| ५ | सह-प्राध्यापक | व्यवस्थापन/वाणिज्यशास्त्र | २ |
| ६ | सह-प्राध्यापक | अर्थशास्त्र (मानविकी) | २ |
| ७ | सह-प्राध्यापक | इतिहास | १ |
| ८ | सह-प्राध्यापक | राजनीतिशास्त्र | १ |
| ९ | सह-प्राध्यापक | समाजशास्त्र | १ |
| १० | सह-प्राध्यापक | अङ्ग्रेजी (मानविकी) | १ |
| ११ | उप-प्राध्यापक | समाजशास्त्र | १ |
| १२ | उप-प्राध्यापक | मानवशास्त्र | १ |
| १३ | उप-प्राध्यापक | व्यवस्थापन/वाणिज्यशास्त्र | २ |

# विज्ञापन नः ६/२०७२/०७३ ( विशेष आन्तरिक प्रतिस्पर्धा)

| सि.नं. | प्द | विषय | सङ्ख्या |
|---|---|---|---|
| १ | उप-प्राध्यापक | व्यवस्थापन/वाणिज्यशास्त्र | १२ |
| २ | उप-प्राध्यापक | अङ्ग्रेजी (व्यवस्थापन) | १ |
| ३ | उप-प्राध्यापक | ग्रामीण विकास | ७ |
| ४ | उप-प्राध्यापक | समाजशास्त्र | ६ |
| ५ | उप-प्राध्यापक | अर्थशास्त्र (मानविकी) | २ |
| ६ | उप-प्राध्यापक | गणित (मानविकी) | २ |
| ७ | उप-प्राध्यापक | नेपाली (मानविकी) | २ |
| ८ | उप-प्राध्यापक | अङ्ग्रेजी (मानविकी) | ३ |
| ९ | उप-प्राध्यापक | राजनीतिशास्त्र | ४ |
| १० | उप-प्राध्यापक | गणित (विज्ञान) | २ |
| ११ | उप-प्राध्यापक | भौतिकशास्त्र | १ |

# उल्लेखित पदहरुको लागि न्यूनतम योग्यता

## प्रतियोगितामा सहभागि हुनको लागि न्यूनतम योग्यता

विश्वविद्यालयको उपप्राध्यापक वा सो भन्दा माथिको पदमा शिक्षण सेवामा आवेदन दिनको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा कम्तीमा पनि द्वितीय श्रेणीमा स्नातकोत्तर उपाधि प्राप्त गरेको हुनु पर्ने छ ।

## प्रतियोगितामा सहभागि हुन नपाउने अवस्था

### (१) खुल्ला प्रतियोगिताको लागि

देहायको अवस्थामा कुनै पनि व्यक्ति खुल्ला प्रतियोगिताको लागि खोलिएको विज्ञापनमा उम्मेदवार हुन वा रहन पाउने छैन ।

(क) गैर नेपाली नागरिक ।

(ख) उपप्राध्यापक पदको खुल्ला प्रतियोगितामा उम्मेदवार हुनको लागि २१ वर्ष पुरा नभएका र ४५ वर्ष पुरा भएका व्यक्ति, तर प्राध्यापक र सहप्राध्यापक पदको खुल्ला प्रतियोगितामा विश्वविद्यालयको स्थायी सेवामा नरहेका ५० (पचास) वर्ष नाघेका । म.प.वि. सेवामा स्थायी, अस्थायी वा करार सेवामा रहेका वहालवाला व्यक्तिलाई उमेरको हद लाग्ने छैन ।

(ग) भविष्यमा सरकारी सेवा वा विश्वविद्यालय सेवाको लागि अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिएको व्यक्ति ।

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरिएका व्यक्ति ।

(ङ) निलम्बन फुकुवा नहुञ्ज्याल सम्म निलम्बनमा परेका व्यक्ति ।

### (२) आन्तरिक प्रतियोगिताको लागि

देहायको अवस्थामा देहायको अवधिभर कुनै पनि शिक्षक सेवा आयोगबाट प्रकाशित विज्ञापन अनुसार कुनै पनि प्रतियोगितामा सामेल हुन पाउने छैन ।

(क) निलम्बन भएको भए निलम्बन अवधिभर ।

(ख) बढुवा रोक्का गरिएको भए त्यसरी रोक्का भएको अवधिभर ।

(ग) तलब वृद्धि रोक्का भएको वा तलव घटाएको भए सो भएको मितिले एक वर्ष सम्म ।

(घ) हालको पदमा ३ पटकसम्म नसियत पाएको भए अन्तिम पटक नसियत पाएको मितिले १ वर्ष सम्म ।

(ङ) विषय परिवर्तन भएको भए सो परिवर्तन भएको मितिले १ वर्ष सम्म ।

(च) नेपाल सरकार तथा अन्य कुनै सङ्घ संस्थाबाट निवृत्तीभरण प्राप्त गरिरहेको व्यक्ति ।

(छ)  विश्वविद्यालयको स्वीकृति नलिई शिक्षण वा सरकारी/गैरसरकारी सङ्घ संस्थामा काम गर्ने व्यक्ति ।

## समावेशी तर्फ छुट्ट्याइएका पदमा दरखास्त दिंदा देहायका आधारमा दिनु पर्नेछ ।

**१. आदिवासी/जनजातिका हकमा :**

आदिवासी/जनजातिका हकमा नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराई दरखास्तसाथ पेश गर्नुपर्ने छ ।

**२. मधेसीका हकमा :**

मधेसीका हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सुचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेसी भनी प्रमाणित गरेको आधारमा, तर नेपाल राजपत्रमा सुचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनी प्रमाणित गराई दरखास्तसाथ पेश गर्नुपर्ने छ ।

**३. दलितका हकमा :**

दलितका हकमा राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जाति भित्र एक भन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराई दरखास्तसाथ पेश गर्नुपर्ने छ ।

**४. अपाङ्गका हकमा :**

अपाङ्गका हकमा स्वीकृत चिकित्सकको सिफारिसमा समाज कल्याण परिषद्बाट अपाङ्गता प्रमाणित गरेको आधारमा, साथै सो पत्रमा अपाङ्गताको किसिम समेत खुलेको हुनु पर्नेछ ।

**५. पिछडिएको क्षेत्रको हकमा :**

पिछडिएको क्षेत्र भन्नाले अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बभाङ्ग, बाजुरा, मुगु, र हुम्ला जिल्ला सम्झनु पर्दछ । पिछडिएको क्षेत्र र समूहबाट आवेदन दिनेहरूले उल्लेखित जिल्लामा स्थायी बसोवास भएको उल्लेख गरी सम्बन्धित जिल्लाबाट प्राप्त गरिएको नागरिकताको प्रमाणपत्र तथा सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाबाट हाल सोहि स्थानमा स्थायी बसोवास भएको भनी प्रमाणित गरेको

नागरिकताको प्रमाणपत्र नम्बर समेत खुलेको पत्र दरखास्तसाथ पेश गर्नुपर्ने छ । विज्ञापन प्रकाशित भएको मितिले एक वर्ष भन्दा पुरानो यस्तो पत्रलाई मान्यता दिइने छैन ।

## आवेदन सम्बन्धी दस्तुर

**आवेदन फारमका लागि : रु. ३००।- (तिन सय मात्र)**

**(रुपैयाँमा)**

| पद | खुल्ला* | आन्तरिक |
|---|---|---|
| प्राध्यापक | २५०० | २००० |
| सहप्राध्यापक | २००० | १५०० |
| उपप्राध्यापक | १५०० | १००० |

*खुल्ला तर्फ एक भन्दा बढि वर्ग/समूहमा आवेदन गरेको भए प्रत्येक वर्ग/समूहको लागि थप २५ प्रतिशत आवेदन दस्तुर बुझाउनु पर्नेछ ।

❖ प्रवेश पत्र हराएमा पुनः बनाउँदा रु. ५००।- (पाँच सय मात्र)

### द्रष्टव्य

(१) एउटै पदको खुलातर्फ बाहेक निश्चित समूह/क्षेत्रहरुमा आवेदन दिने उम्मेदवारहरुले तोकिएको आवेदन दस्तुरका अतिरिक्त प्रति समूह/क्षेत्रको २५% थप शुल्क बुझाउनु पर्नेछ ।

(२) उल्लेखित पदहरु मध्ये खुल्ला तर्फको उप-प्राध्यापक पदको निमित्त ३५/३५ पूर्णाङ्कका दुई पत्रहरुको जम्मा ७० पूर्णाङ्क र सह-प्राध्यापक पदको निमित्त ३० पूर्णाङ्कको एक पत्रको लिखित परीक्षा हुनेछ ।

# खुल्ला प्रतियोगिताको लिखित परीक्षाको पाठ्यक्रम

## उपप्राध्यापक पदको लागि

**खण्ड क**

**१. सम्बन्धित विषयको ज्ञान**

म.प.वि. को स्नातकोत्तर तह (स्नातकोत्तर तह नभएको तहको कार्यक्रम नभएको विषयमा स्नातक तह) को हाल प्रचलित सम्बन्धित विषयको पाठ्यक्रम तथा विषयगत नवीन प्रवृत्ति (New Trend) लाई मुख्य आधार मानेर १० - १० अङ्कका दुई प्रश्नहरू र ५ - ५ अङ्कका तीन प्रश्नहरू ।

**खण्ड ख**

**२. सम्बन्धित पाठ्यक्रम सम्बन्धी ज्ञान**

म.प.वि. को हाल प्रचलित सम्बन्धित विषयको स्नातक तह र स्नातकोत्तर तहका पाठ्यक्रमका संरचना, तुलना, कमीकमजोरीहरू, सुधारका उपायहरू जस्ता क्षेत्रहरूबाट १० अङ्कको एक प्रश्न वा ५ - ५ अङ्कका दुई प्रश्नहरू ।

**३. शिक्षण विधि र अनुसन्धान विधि**

शिक्षण विधिहरूको ज्ञान, यसको उपयोगिता र आफ्नो विषय/क्षेत्रमा यसको प्रयोग जस्ता क्षेत्रहरूबाट ५ अङ्कको एक प्रश्न र अनुसन्धान योजना, अनुसन्धान प्रस्ताव लेखन, पूर्व कार्यको समीक्षा, तथ्याङ्क संकलन, नमूना छनौट, विश्लेषण तथा आफ्नो विषय/क्षेत्रमा भएको अनुसन्धानको वर्तमान अवस्था जस्ता क्षेत्रहरूबाट ५ अङ्कको एक प्रश्न ।

**४. विषयगत समस्या र समाधान**

आफ्नो विषयसँग सम्बन्धित विषयगत कुनै प्राज्ञिक समस्या र सो समस्याको समाधान गर्ने उपायहरूको सम्बन्धमा १० अङ्कको एक प्रश्न ।

**५. मध्यपश्चिमाञ्चल विश्वविद्यालय सम्बन्धी ज्ञान**

मध्यपश्चिमाञ्चल विश्वविद्यालयको संगठनात्मक स्वरूप, म.प.वि. सभा, प्राज्ञिक परिषद्, कार्यकारी परिषद्, विद्यापरिषद् र विषय समितिको गठन र काम कर्तव्य, उपकुलपति, सेवा आयोगका अध्यक्ष, रजिष्ट्रार, सेवा आयोगका सदस्य, एवम् डीनहरूको नियुक्ति प्रकिया र काम कर्तव्य तथा शिक्षकहरूको सेवा शर्त र सुविधा सम्बन्धी क्षेत्रबाट ५ अङ्कको एक प्रश्न ।

**द्रष्टव्य :**

(क) सबै प्रश्नहरू अनिवार्य हुने छन् ।

(ख) भाषा विषय वाहेक अन्य सबै विषयको प्रश्नपत्र अंग्रेजी भाषामा हुनेछन् र तिनको उत्तर अंग्रेजी वा नेपाली भाषामा लेख्न सकिने छ । भाषा विषयको हकमा भने जुन भाषा विषय हो प्रश्नपत्र पनि सोही भाषामा हुनेछ र तिनको उत्तर पनि सोही भाषामा लेख्नु पर्नेछ ।

**<u>सहप्राध्यापक पदको लागि</u>**

**१. विषयगत समस्या र समाधान**

आफ्नो विषयसँग सम्बन्धित विषयगत कुनै प्राज्ञिक समस्या र सो समस्याको समाधान गर्ने उपायहरूको सम्बन्धमा १० अङ्कको एक प्रश्न ।

**२. अनुसन्धान विधि**

अनुसन्धान योजना, अनुसन्धान प्रस्ताव लेखन, पूर्व कार्यको समीक्षा, तथ्याङ्क संकलन, नमूना छनौट, विश्लेषण, प्रतिवेदन लेखन तथा आफ्नो विषय/क्षेत्रमा भएको अनुसन्धानको वर्तमान अवस्था जस्ता क्षेत्रहरूबाट १० अङ्कको एक प्रश्न वा ५ - ५ अङ्कका दुई प्रश्नहरू ।

**३. सम्बन्धित पाठ्यक्रम तथा नवीन प्रवृत्ति सम्बन्धी ज्ञान**

म.प.वि. को हाल प्रचलित सम्बन्धित विषयको स्नातक तह र स्नातकोत्तर तहका पाठ्यक्रमका संरचना, तुलना, कमीकमजोरीहरू, सुधारका उपायहरू तथा विषयगत नवीन प्रवृत्ति (New Trend) वा समसामयिक सवाल (Current Issues) लाई मुख्य आधार मानेर १० अङ्कको एक प्रश्न वा ५ - ५ अङ्कका दुई प्रश्नहरू ।

**द्रष्टव्य :**

(क) सवै प्रश्नहरू अनिवार्य हुने छन् ।

(ख) भाषा विषय वाहेक अन्य सबै विषयको प्रश्नपत्र अंग्रेजी भाषामा हुनेछन् र तिनको उत्तर अंग्रेजी वा नेपाली भाषामा लेख्न सकिने छ । भाषा विषयको हकमा भने जुन भाषा विषय हो प्रश्नपत्र पनि सोही भाषामा हुनेछ र तिनको उत्तर पनि सोही भाषामा लेख्नु पर्नेछ ।

*थप जानकारी मध्य-पश्चिमाञ्चल विश्वविद्यालय सेवा आयोगको वेबसाइट*
*www.mwu.edu.np बाट प्राप्त गर्न सकिने छ ।*